कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड : ८ संख्या: ६ मिति: २०८२/०३/२५

## भाग-२

### कलैया उपमहानगरपालिका

वारा, मधेश प्रदेश , नेपाल

**कलैया उपमहानगरपालिकाको विद्यालय कर्मचारी , बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्न बनेको कार्यविधि २०८२**

(पहिलो संशोधन)

परिच्छेद २ को दफा २ को उपदफा २.४ मा खण्ड (क) थप गरि संशोधन गरिएको छ ।

**प्रस्तावना:**

वर्तमान सन्दर्भमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ ज (१७) ले दिएको अधिकारलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न वाञ्छनिय भएकोले विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधी २०८० लाई संशोधन गर्न बनेको कार्यविधि २०८२ स्विकृत गरी जारी गरिएको छ।

विनोद प्रसाद साह
नगर प्रमुख

 नगरकार्यपालिकामा प्रस्तुत मिति २०८०/०३/२२ नगरकार्यपालिकाबाट स्वीकृत मिति २०८०/०३/२२ प्रमाणीकरण मिति २०८०/०३/२५

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम:- "विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि २०८० लाई संशोधन गर्न बनेको कार्यविधि २०८२" रहनेछ।

१.२ यो कार्यविधि कलैया उपमहानगरपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ।

१.३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा र कार्यविधिमाः-

क) "शिक्षा नियमावली " भन्नाले कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली, २०७४ बुझ्नु पर्छ।

ख) "मन्त्रालय "भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

ग) "आयोग "भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ।

घ) " प्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको पालिका प्रमुखलाई सम्झनुपर्छ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) "शाखा "भन्नाले यस उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखालाई सम्झनु पर्छ।

छ) "शिक्षा अधिकृत" भन्नाले यस उपमहानगरपालिकाको शिक्षा शाखा हेर्ने प्रमुख वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

ज) " व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति तथा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(झ) "बालविकास सहजकर्ता" भन्नाले बालविकास केन्द्र सन्चालनको लागि नियुक्त व्यक्ति सम्झनु पर्छ ।

ञ) " परिचालक" भन्नाले सामुदायिक सिकाइ केन्द्र सन्चालन गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

ट) " विद्यालय कर्मचारी" भन्नाले नेपाल सरकारको स्वीकृत दरबन्दीमा विद्यालयमा कार्यरत विद्यालय सहायक तथा सहयोगीलाई सम्झनु पर्छ।

ठ) " पालिका " भन्नाले कलैया उपमहानगरपालिकाको कार्यालय कलैया, बारा भन्ने सम्झनु पर्छ।

ड) कार्यविधि " भन्नाले उपमहानगरपालिकाको विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाई केन्द्रका परिचालक व्यवस्थापन कार्यविधि २०८०" सम्झनु पर्छ।

## परिच्छेद- २

**२. विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति सम्बन्धी व्यवस्था**

२.१ रिक्त रहेको विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकको पदमा व्यवस्थापन समितिले छनौट समितिको सिफारिसमा योग्यता पुगेको कुनै व्यक्तिलाई करारमा नियुक्ति गर्न सक्नेछ।

२.२ करारमा विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्तिका लागि शिक्षा महाशाखा बाट दरबन्दी यकिन गरी अनुमति लिएर नियुक्ति प्रकृया अगाडी बढाउनु पर्नेछ।

२.३ विद्यालय कर्मचारी बालविकास सहजकर्ता तथा सामुदायिक सिकाई केन्द्रका परिचालकको पदपुर्ती गर्नको लागि आवश्यक विवरण खुलाइ १५ दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, उपमहानगरपालिका र सम्बन्धित विद्यालयको सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ र स्थानीय पत्रिकामा समेत छपाउनुपर्नेछ।

२.४ विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाई केन्द्रका परिचालक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाण पत्र र निवेदन पेश गर्नुपर्ने।

**(क) लिखित परिक्षाको अन्तिम नतिजा प्रकाशन भई ३ पटक अन्तरवर्ता हुन नसकि स्थगित भएमा शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिसमा सो पदको विज्ञापन रद्द गरी पुनः विज्ञापन गराउनु पर्नेछ ।(संशोधित)**

२.५ छनौट समितिको सिफारिसमा सम्बन्धित विद्यालयले/केन्द्रले विद्यालय कर्मचारी, बालविकास तथा सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्त गरेको सात दिन भित्र सोको जानकारी शिक्षा,युवा तथा खेलकुद महाशाखालाई गराउनु पर्नेछ ।

२.६ यो कार्यविधि बमोजिमको प्रक्रिया नपुर्याई विद्यालय कर्मचारी , बालविकास र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर हुनेछ।

२.७ छनौट समितिले छनौट गरेको व्यक्ति सिफारिस भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति पत्र लिई हाजिर हुन नआएमा वा नियुक्ति लिएको छ महिना भित्रमा कुनै कारण निजले राजिनामा दिएमा व्यवस्थापन समितिले वैकल्पिक सूचीको १ नं. को उम्मेदवारलाई नियुक्ति गर्नेछ ।

## परिच्छेद — ३

**३. विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकको लागि आवश्यक न्यूनतम योग्यता**

**३.१ विद्यालय सहायक कर्मचारीको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।**



CamScanner

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन/वाणिज्य विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण भएको,

ग) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

**३.२ विद्यालय सहयोगी कर्मचारीको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।**

क) नेपाली नागरिक।

ख)कक्षा ८ (आठ) उत्तीर्ण भएको,

ग) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

**३.३ बालविकास सहजकर्ताको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ।**

क) नेपाली नागरिक (महिला),

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १० वा सो सरह उत्तीर्ण भएको,

ग) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ,

**३.३ सिकाइ केन्द्रका परिचालकको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ।**

क) नेपाली नागरिक (महिला),

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण भएको,

ग) १८ वर्ष पुरा भई ४० वर्षको ननाघेको ,

## परिच्छेद — ४

### ४. कर्मचारी छनौट प्रक्रिया

४.१ कर्मचारी /सहजकर्ता छनौटको परीक्षा संम्बन्धी कामको लागि आवश्यक कर्मचारी सम्बन्धित विद्यालयले व्यवस्थापन गर्नुपर्नेछ ।

४.२ परीक्षा मर्यादित ,संयमित र निष्पक्ष रुपमा संचालन गर्ने गराउने मुख्य जिम्मेवारी छनौट समितिको हुनेछ।

## परिच्छेद — ५

### ५. विषय विज्ञ सम्बन्धी व्यवस्था

५.१ कलैया उपमहानगरपालिकाको विद्यालय कर्मचारी , बालविकास र सामुदायिक सिकाइ केन्द्रका परिचालक छनोट परीक्षामा कलैया उपमहानगरपालिकाको विषय विज्ञको सूचीमा सूचीकृत भएका २ जना विषय विज्ञलाई गोलाप्रथाबाट परीक्षा छनोट समितीले छनौट गर्नेछ।

विनोद प्रसाद साह
नगर प्रमुख

## परिच्छेद -६

**६. परीक्षाको पाठ्यक्रमः**

६.१ विद्यालय सहायक नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची१ बमोजिम हुनेछ ।

६.२ विद्यालय सहयोगी नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची२ बमोजिम हुनेछ ।

६.३ बालविकास तथा सहजकर्ता नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची-३ बमोजिम हुनेछ ।

६.४ सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची-४ बमोजिम हुनेछ ।

## परिच्छेद -७

**७. कार्यविधि संशोधन**

७.१ यो कार्यविधि परिमार्जन र संशोधन गर्नुपर्ने भएमा कलैया उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाको सिफारिसमा कलैया उपमहानगरपालिकाको बैठकको निर्णयानुसार संशोधन गर्न सकिनेछ।

७.२ **कार्यविधिको ब्याख्या:-** यो कार्यविधिको व्याख्या गर्नुपर्ने भएमा कलैया उपमहानगरपालिका, शिक्षा, युवा तथा खेलकुद महाशाखाले गर्नेछ ।

७.३ **बचाउ:-** यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद - ८

**८ .कर्मचारी छनौट समिति**

८.१ विद्यालय व्यवस्थापन समितिको वा केन्द्रको अध्यक्ष —अध्यक्ष

८.२ शिक्षा यूवा तथा खेलकुद महाशाखाको प्रमुख वा अधिकृत स्तरको प्रतिनिधी —सदस्य

८.३ प्र.अ.-सदस्य सचिव

## परिच्छेद -९

**९. परीक्षा केन्द्र र किसिम सम्बन्धमा**

परिक्षा केन्द्र शिक्षा, यूवा तथा खेलकुद महाशाखाले तोकेबमोजिम हुनेछ। परीक्षा संचालन सामान्य, विषयगत र अन्तर्वार्ता साथै आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत हुनेछ।

विनोद प्रसाद साह
नगर प्रमुख

## अनुसुची-१



CamScanner

## विधालय सहायकको पदको पाठ्यक्रम

सामान्य परिक्षा:पुर्णाङ्क 40-विषयगत परिक्षा:पुर्णाङ्क 60-अन्तर्वार्ता:पुर्णाङ्क:20-

| विषयक्षेत्र | पुर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक भार | परिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा(खण्ड कवस्तुगत- प्रश्नहरु= प्रथम चरण) | 40 | 40 | 20 | 2 | वस्तुगतवहुवैकल्पिक/ | मिनेट 30 |
| विषयगत परीक्षा(खण्ड खविषयगत प्रश्नहरु-= द्वितिय चरण) | 60 | | 10 | 10•2=20<br>5•8=40 | विषयगतविश्लेषणात्मक/ | घण्टा 2 |
| अन्तर्वार्ता | 20 | | | | मौखिक | |

**खण्ड कवस्तुगत प-ाश्नहरु(सामान्य ज्ञान)**

| क्रस. | विषयगत तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| 1 | नेपालको भुगोल(भौगोलिक विविधता,प्रदेश,जिल्ला,स्थानिय तह,ताल,नदि,हिमाल) | 2 | 2 |
| 2 | नेपालको आधुनिक शैक्षिक इतिहास | 1 | 2 |
| 3 | सूचना प्रविधि:-<br>● शैक्षिक सूचना प्रणाली<br>● कम्प्युटर सम्बन्धी सामान्य जानकारी (MS word,Excel,Powerpoint and Internet) | 3 | 2 |
| 4 | विद्यालय तहमा शैक्षिक तथ्याङ्क व्यस्थापन<br>● तथ्याङ्क संकलन योजना र व्यवस्थापन<br>● तथ्याङ्क विश्लेषण र समस्या पहिचान | 2 | 2 |
| 5 | कार्यालय संचालन र अभिलेख व्यवस्थापन सम्वन्धी सामान्य जानकारी | 2 | 2 |
| 6 | कलैया उपमहानगरपालिका सम्बन्धी सामान्य जानकारी | 1 | 2 |
| 7 | विज्ञान र प्रविधि:-प्रमुख वैज्ञानिक अन्वेषण र आविष्कारहरु प्रसिद्ध वैज्ञानिकहरु सम्वन्धी सामान्य जानकारी | 2 | 2 |
| 8 | नेपालको संविधान (शिक्षा संवन्धी व्यवस्था); शिक्षा ऐन ,२०२८ (संशोधन सहित) ,स्थानिय | 3 | 2 |

कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

विनोद प्रसाद साह
प्रमुख



CamScanner

| | | | |
|---|---|---|---|
| | सरकारसंचालन ऐन २०७४ (शिक्षा संबन्धी व्यवस्था) | | |
| 9 | Aptitude test<br>• Verbal reasoning such as series analogy, classificition,coding-decoding.<br>• Non-Verbal reasoning such as series analogy,classificition, venn diagrams ,matrices ,construction ,of square and triangles.<br>• Quantitative aptitude such as arithmetical reasoning /operation , percentage ,fraction ,decimal. | 4 | 2 |

**खण्ड ख विषयगत परिक्षा पाठ्यक्रम**

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| 1 | लेखाको अर्थ ,उद्येश्य,महत्व र लेखा अवधारणा र सिद्वान्त ,सरकारी र व्यवसायिक लेखा प्रणाली | 1+1=2 | 10+5=15 |
| २ | पत्र व्यवहार : परिचय,उदेश्य र चिठ्ठी पत्रका गुणहरु/,चिठ्ठीका प्रकार ( प्रयोग र प्राथमिकताका आधारमा) | | 5 |
| 3 | परीक्षा र मुल्याङ्कन: परीक्षाको अवधारणा,उद्येश्य,प्रकारहरु,शिक्षक निर्मित परीक्षा र स्तरिकृत परीक्षा,मूल्याङ्कनको अवधारणा,उद्देश्य, प्रकारहरु ,मूल्याङ्कनका साधनहरु र प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रक्रियाहरु । | 1 | 5 |
| 4 | अभिलेख व्यवस्थापन: अभिलेखको परिचय, अभिलेखको उद्येश्य र प्रकार , अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग | 1 | 5 |
| 5 | प्रतिवेदन लेखन: परिचय,तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु र प्रकार<br>फाइलिङ्ग : परिचय ,आवश्यकता विधि एवं तरिकाहरु , | 1 | 5 |
| 6 | दोहोरो श्रेष्ता प्रणाली र आय व्यय-,नाफा नोक्सान खातातेरिज , र वासलात सम्बन्धी सैद्वान्तिक ज्ञान,आर्थिक कार्य प्रणाली सम्बन्धी सामान्य जानकारी | 1+1=2 | 10+5=15 |
| 7 | कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको आवश्यकता र महत्व ,तथ्याङ्क तथा सुचनाको प्रकृति र महत्व | 1 | 5 |

विनोद प्रसाद साह
नगर प्रमुख



CamScanner

| | | | |
|---|---|---|---|
| 8 | नेपालको संविधान (शिक्षा सम्बन्धी व्यवस्था):शिक्षा ऐन , 2028 (संशोधन सहित):शिक्षा नियमावली , 2059(संशोधन सहित) , स्थानिय सरकार संचालन ऐन 2074(शिक्षा सम्बन्धी व्यवस्था) | 1 | 5 |

**(अन्तर्वार्ताको योजना ) Interview Examination Scheme)**

**विद्यालय सहायक कर्मचारीको लागी**

.1अन्तर्वार्ता20-

| क्रस. | मुल्याङ्कनका आधार | शैक्षिक योग्यता5- | | |
|---|---|---|---|---|
| 1 | सेवा प्रवेशका लागि आवश्यक न्युनतम शैक्षिक योग्यताको3- | प्रथम श्रेणी | अन्य श्रेणी | |
| | | 3 | 2 | |
| 2 | सेवा प्रवेशका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता2- | 2 | 1 | |
| 3 | अन्तर्वार्ता15- | व्यक्तित्व/ आचरण | विषयवस्तुको ज्ञान | प्रस्तुतीकरण |
| | | 5 | 6 | 4 |

द्रष्टव्य:

१. समान्य परिक्षा ( बस्तुगत बैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर वापत २० प्रतिसत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२. यस पाठ्यक्रम अन्तरगतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नितिहरु परिक्षाको मिति भन्दा महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी ३ कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ ।

३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यविधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका सहायक कर्मचारीको हकमा लागु हुने छैन

बिनोद प्रसाद साह
नगर प्रमुख

# अनुसुची-२

## विद्यालय सहयोगी पदको पाठ्यक्रम

सामान्य परिक्षा:पुर्णाङ्क 50-अन्तर्वार्ता:पुर्णाङ्क:20-

| विषयक्षेत्र | पुर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक भार | परिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परिक्षा | 50 | 20 | 25 | 2 | वस्तुगतवहुवैकल्पिक/ | मिनेट 40 |
| अन्तर्वार्ता | 20 | | | | मौखिक | |

### खण्ड कवस्तुगत प-०रश्नहरु(सामान्य ज्ञान)

| क्रस. | विषयगत तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| 1 | नेपालको भुगोल (भौगोलिक विविधता,प्रदेश,जिल्ला,स्थानिय तह,ताल,नदि,हिमाल) | 4 | 2 |
| 2 | नेपालको शैक्षिक इतिहास सम्वन्धी सामान्य जानकारी | 3 | 2 |
| 3 | कार्यालय संचालन र अभिलेख व्यवस्थान सम्वन्धी सामान्य जानकारी | 2 | 2 |
| 4 | कलैया उपमहानगरपालिका सम्वन्धी सामान्य जानकारी | 1 | 2 |
| 5 | बार्षिक कार्ययोजना , बार्षिक शैक्षिक योजना, एकाई योजना र दैनिक पाठ्ययोजना | 3 | 2 |
| 6 | शैक्षिक संगठन (बहु कक्षा शिक्षक ,विषय शिक्षण ,मिश्रित शिक्षण) सम्बन्धी सामान्य जानकारी | 3 | 2 |
| 7 | स्थानिय सरकार संचालन ऐन 2074(शिक्षा सम्वन्धी व्यवस्था) | 3 | 3 |

विनोद प्रसाद साह
नगर प्रमुख



CamScanner

अन्तर्वार्ताको योजना ( Interview Examination Scheme)

विद्यालय सहयोगी कर्मचारीको लागी

.1अन्तर्वार्ता20-

| क्रस. | मुल्याङ्कनका आधार | शैक्षिक योग्यता5- | | |
|---|---|---|---|---|
| 1 | सेवा प्रवेशका लागि आवश्यक न्युनतम शैक्षिक योग्यताको3- | प्रथम श्रेणी | अन्य श्रेणी | |
| | | 3 | 2 | |
| 2 | सेवा प्रवेशका लागि आवश्यक न्युन्तम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता2- | 2 | 1 | |
| 3 | अन्तर्वार्ता15- | व्यक्तित्वआचरण/ | विषयवस्तुको ज्ञान | प्रस्तुतीकरण |
| | | 5 | 6 | 4 |

द्रष्टव्य:

१. समान्य परिक्षा ( बस्तुगत बैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर वापत २० प्रतिसत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२. यस पाठ्यक्रम अन्तरगतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नितिहरु परिक्षाको मिति भन्दा महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी ३ कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ ।

३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यबिधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका सहायक कर्मचारीको हकमा लागु हुने छैन

## अनुसुची-३

वालबिकास सहजकर्ता पदको पाठ्यक्रम

सामान्य परिक्षा:पुर्णाङ्क 40-विषयगत परिक्षा:पुर्णाङ्क 60-अन्तर्वार्ता:पुर्णाङ्क:20-

| विषयक्षेत्र | पुर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक भार | परिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| समान्य परिक्षा(खण्ड क-वस्तुत प्रश्नहरु–प्रथम चरण) | 40 | 40 | 20 | 2 | वस्तुगतवहुवैकल्पिक/ | मिनेट 30 |
| विषयगत परिक्षा(खण्ड ख--विषयगत प्रश्नहरु द्वितिय चरण) | 60 | | 10 | 10•2=20<br>5•8=40 | विषयगतविश्लेषणात्मक/ | घण्टा 2 |
| अन्तर्वार्ता | 20 | | | | मौखिक | |

विनोद प्रसाद साह
नगर प्रमुख



CamScanner

## खण्ड क वस्तुगत-प्रश्नहरु(सामान्य ज्ञान)

| क्र.स. | विषयगत तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| 1 | नेपालको भुगोल(भौगोलिक विविधता,प्रदेश,जिल्ला,स्थानिय तह,ताल,नदि,हिमाल) | 2 | 2 |
| 2 | नेपालको आधुनिक शैक्षिक इतिहास | 2 | 2 |
| 3 | शिक्षाको अर्थ ,परिभाषा,उदेश्यहरु र कार्यहरु | | |
| 4 | शिक्षा मनोविज्ञान ;अर्थ,अवधारणा र स्थानिय पाठ्यक्रम | 2 | 2 |
| 5 | मानव विकास: वृद्धि र विकासको अवधारणा र स्थानिय पाठ्यक्रम | 2 | 2 |
| 6 | पूर्ण बाल्यवस्था ;परिचय,विकासात्मकं कार्य,विशेपताहरु | 2 | 2 |
| 7 | पाठ्यक्रमको परिचय ,अवधारणा र प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रम,2077(सक्षमता,सिकाई क्षेत्र तथा सिकाई उपलब्धि विस्तृतिकरण सहित) | 2 | 2 |
| 8 | शैक्षिक संगठन (बहु कक्षा शिक्षण ,विषय शिक्षण ,मिश्रित शिक्षण) | 2 | 2 |
| 9 | शैक्षणिक योजना:अर्थ र आवश्यक्ता, वार्षिक शैक्षिक योजना,एकाई योजना र दैनिक पाठ्ययोजना | 2 | 2 |
| 10 | नेपालको संविधान (शिक्षा संबन्धी व्यवस्था); शिक्षा ऐन ,2028 (संशोधन सहित) , ,स्थानिय सरकारसंचालन ऐन 2074(शिक्षा संबन्धी व्यवस्था) | 2 | 2 |

## खण्ड ख विषयगत परिक्षा पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| 1 | शैक्षणिक योजना: परिचय,आवश्यकता,निर्माण र प्रयोग (वार्षिक कार्य तालिका , वार्षिक शैक्षिक योजना, एकाई योजना , दैनिक पाठयोजना र दैनिक कार्य तालिका) कक्षाकोठा व्यवस्थापन (अवधारणा र महत्व, कक्षा कोठाको वातावरण र बसाई व्यवस्थापन) शैक्षणिक व्यवस्थापन : बहु कक्षा शिक्षण ,विषय शिक्षण र कक्षा शिक्षण,कक्षाकोठाको विविधता व्यवस्थापन: (भाषिक , समाजिक ,सिकाई क्षमता ,बौद्धिक र शारिरिक) | 1+1=2 | 10+5=15 |

बिनोद प्रसाद साह



CamScanner

| | | | |
|---|---|---|---|
| 2 | शैक्षिक सामग्री र शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्राथमिक तहमा अध्यापन हुने विषयहरु, विषयगत शैक्षिक सामग्री निर्माण र प्रयोग | 1 | 5 |
| 3 | विद्यालय समुदाय सम्बन्ध:विद्यालयको विकासमा समुदायको सहभागीता र दायित्व,समुदायको विकासमा विद्यालयको योगदान,विद्यालय र समुदाय बिच सम्बन्ध | 1 | 5 |
| 4 | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाई : व्यक्तिगत सरसफाई, वातावरणीय सरसफाई,फोहोर व्यवस्थापन प्राथमिक उपचार : परिचय, महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा ,घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटना,प्राथमिक र तथा दुर्घटना बाट बच्ने उपचा / उपायहरु | 1 | 5 |
| 5 | पाठ्यक्रमको : अर्थ ,परिभाषा ,महत्व, तत्वहरु पाठ्यक्रम निर्माणका आधारहरु प्रारम्भिक वालविकास तथा शिक्षा पाठ्यक्रम, 2077 (सक्षमता,सिकाई क्षेत्र तथा सिकाई उपलब्धि विस्तृतिकरण सहित) | 1 | 5 |
| 6 | वालमनोविज्ञान:अर्थ, क्षेत्र, आवश्यक्ता र महत्व<br>पुर्व बाल्यवस्था: परिचय, विकासातमक कार्य, विशेषताहरु, शारिरिक रसंवेगात्मक परिवर्तन तथा प्रभाव,रुचिहरु,संकटहरु,पूर्वकाल्यवस्थाका विद्यार्थिको सुरक्षित विकास शिक्षक र अभिभावकको भुमिका | 1+1=2 | 10+5=15 |
| 7 | सिकाइ: अर्थ ,स्वरुप र शैलिहरु ,परिपक्वता र सिंकाइ बिच अन्तरसम्वन्ध,स्व प्रतिविम्बन र सिकाइ,सिकाइमा स्थानान्तरण,स्मरण र विस्मरण,उतप्रेरणा र सिकाइ शिक्षण विधिको वर्गिकरण र प्रयोग,शिक्षक निर्देशिका सँग शिक्षणविधिको सम्वन्धमा शिक्षण सिकाइ तथा सुचना प्रविधिको प्रयोग (श्रव्यदृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्रि, इलाइब्रेरी-) | 1 | 5 |
| 8 | परिक्षा र मुल्याङ्कन: परिक्षाको अवधारणा,उद्येश्यहरु,प्रकारहरु,शिक्षक निर्मित परिक्षा र स्तरिकृत परिक्षा,मुल्याङ्कनको अवधारणा,उद्येश्यहरु, प्रकारहरु ,मुल्याङ्कनका साधनहरु र प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मुल्याङ्कनका विधि तथा प्रक्रियाहरु । | 1 | 5 |

**अन्तर्वार्ताको योजना ) Interview Examination Scheme)**

वालविकास सहजकर्ताको लागी

.1अन्तर्वार्ता20-

| क्रस. | मुल्याङ्कनका आधार | शैक्षिक योग्यता5- | | |
|---|---|---|---|---|
| 1 | सेवा प्रवेशका लागि आवश्यक न्युनतम शैक्षिक योग्यताको3- | प्रथम श्रेणी | द्वितिय श्रेणी | |
| | | 3 | 2 | |

विनोद प्रसाद साह
प्रमुख



CamScanner

| | | | | |
|---|---|---|---|---|
| 2 | सेवा प्रवेशका लागि आवश्यक न्युन्तम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता2- | 2 | 1 — | |
| 3 | अन्तर्वार्ता15- | व्यक्तित्वआचरण/ | विषयवस्तुको ज्ञान | प्रस्तुतीकरण |
| | | 5 | 6 | 4 |

द्रष्टव्य:

१. समान्य परिक्षा ( वस्तुगत बैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर वापत २० प्रतिसत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२. यस पाठ्यक्रम अन्तरगतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नितिहरु परिक्षाको मिति भन्दा महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी ३ कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ ।

३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यविधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका सहायक कर्मचारीको हकमा लागु हुने छैन

## अनुसुची-४

### सामुदायिक सिकाइ केन्द्रको परिचालक पदको पाठ्यक्रम

सामान्य परिक्षा:पुर्णाङ्क 40- विषयगत परिक्षा:पुर्णाङ्क 40-अन्तर्वार्ता:पुर्णाङ्क:20-

| विषयक्षेत्र | पुर्णाङ्क | उतिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंक भार | परिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| समान्य परिक्षा(खण्ड क-वस्तुगत प्रश्नहरु= प्रथम चरण) | 40 | 40 | 20 | 2 | वस्तुगतवहुवैकल्पिक/ | मिनेट 30 |
| विषयगत परिक्षा(खण्ड ख-विषयगत प्रश्नहरु= द्वितिय चरण) | 40 | | 8 | 5 | विषयगतविश्लेषणात्मक/ | 1घण्टा30 मिनेट |
| अन्तर्वार्ता | 20 | | | | मौखिक | |

### खण्ड क वस्तुगत-प्रश्नहरु(सामान्य ज्ञान)

| क्रस. | विषयगत तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| 1 | नेपालको भुगोल(भौगोलिक विविधता,प्रदेश,जिल्ला,स्थानिय तह,ताल,नदि,हिमाल) | 2 | 2 |
| 2 | नेपालको शैक्षिक इतिहास (राणाकाल देखी हालसम्म) | 2 | 2 |
| 3 | शिक्षाको अर्थ ,परिभाषा,उघेश्यहरु र कार्यहरु | | |

विनोद प्रसाद साह
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| 4 | सिकाइ:परिचय,अर्थ,स्वरुप र प्रभाव पार्ने तत्वहरु | 2 | 2 |
| 5 | सिकाइ स्थानातरण: अवधारणा र प्रकार | 1 | 2 |
| 6 | नेपाल शिक्षाको तहगत संरचना,तथा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्थाहरु | 2 | 2 |
| 7 | तिन तहका सरकारका शिक्षासँग सम्बन्धी संरचना(शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ,शिक्षा तथा मानव स्रोत विकास केन्द्र ,पाठ्यक्रम विकास केन्द्र ,शिक्षा विकास निर्देशनालय , शिक्षा विकास तथा समन्वय इकाइ ,शिक्षा शाखा , महाशाखा आदि ।) | 1 | 2 |
| 8 | नेपालको संविधान 2072(शिक्षा संबन्धी व्यवस्था), | 3 | 2 |
| 9 | शिक्षा ऐन ,2028 (संशोधन सहित) | 3 | 2 |
| 10 | स्थानिय सरकार संचालन ऐन 2074(शिक्षा संबन्धी व्यवस्था) सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,2078 | 2 | 2 |

**खण्ड ख विषयगत परिक्षा पाठ्यक्रम**

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| 1 | अनौपचारिक शिक्षा ,निरन्तर तथा जिवन पर्यन्त शिक्षा महिला शिक्षा अभिभावक शिक्षा ,प्रौढ शिक्षा<br>आमा समुह, समुदायमा हुने अन्य विभिन्न बैठक,सभा सम्मेलन सहकारी बैठकहरु,बैठक आयोजना,निर्णय लेखन निर्णय लेख्दा ध्यान दिनुपर्ने तथ्यहरु ,बैठक संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरु | 1 | 5 |
| 2 | अनौपचारिक शिक्षा सम्बन्धी निति नियम,कानुनी दस्तावेज, अनौपचारिक शिक्षा र औपचारिक शिक्षा सम्वन्धी फरक अनौपचारिक शिक्षाको विकासमा समुदायको संलग्नता सामुदायिक अभ्यास | 1 | 5 |
| 3 | आफ्नो सेवा क्षेत्र भित्रका शैक्षिक सांस्कृतिक ,प्राकृतिक ,आर्थिक,वित्तिय,जनसंख्यिक विवरणका सुचना तथा तथ्याङ्कहरुको अभिलेखिकरण नमुना समुदायिक सिकाइ केन्द्रको विकास,नवप्रवर्तनात्मक कार्यक्रमहरु | 1 | 5 |
| 4 | सामुदायिक सिकाइ केन्द्रको परिचय,कार्यक्रम र सेवा,काम कर्तव्य र अधिकार, सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति गठन , काम कर्तव्य र | 1 | 5 |

| | | | |
|---|---|---|---|
| | अधिकार, सिकाइ केन्द्रमा भौतिक पूर्वाधारको व्यवस्थापन,केन्द्रको आयस्रोत | | |
| 5 | लेखा परिक्षण,समाजिक परीक्षण, बजेट व्यवस्थापन,बेरुजु, फछ्र्यौट सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड ,2078 | 1 | 5 |
| 6 | सामुदायिक सिकाइ केन्द्रको परिचालकको कार्य विवरण सिकाइ केन्द्र एक आजिवन सिकाइ थलो(Life Long Learning Hub) | 1 | 5 |
| 7 | परियोजना प्रस्तावना निर्माण,कार्यक्रम योजना / छनौट,स्विकृति र संचालन,सहभागितात्मक योजना तर्जुमा | 1 | 5 |
| 8 | प्रभावकारी संचार र सिप, | 1 | 5 |

<u>अन्तर्वार्ताको योजना ) Interview Examination Scheme)</u>

सामुदायिक सिकाइ केन्द्रको परिचालकको लागी

.1अन्तर्वार्ता20-

| क्रस. | मुल्याङ्कनका आधार | शैक्षिक योग्यता5- | | |
|---|---|---|---|---|
| 1 | सेवा प्रवेशका लागि आवश्यक न्युनतम शैक्षिक योग्यताको3- | प्रथम श्रेणी | द्वितिय श्रेणी | |
| | | 3 | 2 | |
| 2 | सेवा प्रवेशका लागि आवश्यक न्युन्तम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता2- | 2 | 1 | |
| 3 | अन्तर्वार्ता15- | व्यक्तित्वआचरण/ | विषयवस्तुको ज्ञान | प्रस्तुतीकरण |
| | | 5 | 6 | 4 |

द्रष्टव्य:

१. समान्य परिक्षा ( बस्तुगत बैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर वापत २० प्रतिसत अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।

२. यस पाठ्यक्रम अन्तरगतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नितिहरु परिक्षाको मिति भन्दा महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी ३ कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ ।

३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ तर यो कार्यविधि लागु भएको मिति भन्दा अगाडी नियुक्त भएका सहायक कर्मचारीको हकमा लागु हुने छैन

विनोद प्रसाद साह
नगर प्रमुख

आज्ञाले
नाथु साह
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner